आज मिति २०८१ साल जेष्ठ ११ गते शुक्रबारका दिन यस मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | लक्ष्मी प्रसाद बास्कोटा | | |
| २४ | का.पा. अध्यक्ष | वडा नं. ५ | टेकबहादुर तामाङ | | |
| २५ | | प्रा. ले.प. | चन्द्रमणि पौडेल | | |
| | | | | | |
| | | | | | |

## २०८१।०२।११ गतेको नगर कार्यपालिकाको ३९[औं] बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. मिति २०८१/०१/२७ गतेको कार्यपालिकाको ३८[औं] बैठकको निर्णय समीक्षा सम्बन्धमा ।

२. सेवक नेपालद्धारा मण्डनदेउपुर नगरपालिका वडा नं. ९ मा संचालित बालगृहको बार्षिक अनुदान रकम तोकी बालगृहसंग सम्झौता गर्ने सम्बन्धमा ।

३. आँपखोला पौवाटार बृहत खानेपानी योजना-७ को कार्य सम्पन्न भई भुक्तानी माग भएकाले भुक्तानी दिने सम्बन्धमा।

४. सुरक्षा गार्डहरुको करार म्याद मितिः २०८१ असार मसान्त सम्म थप गर्ने सम्बन्धमा।

५. बालबालिका सम्बन्धी ऐन २०७५, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७९ बमोजिम आचार सहिता तथा प्रतिवद्वता पारित गर्ने सम्बन्धमा ।

६. राजपत्र प्रकाशन तथा अभिलेख शाखा स्थापना गर्ने सम्बन्धमा ।

७. स्थानीय राजश्व परामर्श समितिमा रिक्त २ जना सदस्यहरु तोक्ने सम्बन्धमा ।

८. आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट निर्माण तयारीका लागि कर्मचारीहरुको समिति गठन गर्ने सम्बन्धमा।

९. संघीय ससर्त बहुक्षेत्रीय पोषण संवेदनशिल कार्यक्रम संचालनको जिम्मा स्वास्थ्य शाखालाई दिने सम्बन्धमा ।

१०.नगर अस्पताल निर्माण तथा सञ्चालनका लागि बजेट विनियोजन गर्ने सम्बन्धमा।

११.ईन्द्रावती नदि नियन्त्रणका लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा ।

१२.तपसिल बमोजिमका विभिन्न योजना तथा कार्यक्रमका लागि रकम व्यवस्थापन गर्ने सम्बन्धमा।

क. ढाँडे खानेपानी तथा टयाक्की खानेपानी योजना वडा नं. ९ को प्राविधिक लागत स्टमेट बमोजिम रकम व्यवस्थापन गर्ने ।

ख. ट्वाईलेट निर्माण ढाँडे चिहान डाँडा वडा नं. ९ प्राविधिक लागत अनुमान रकम व्यवस्थापन गर्ने ।

ग. पलासेटारमा सिंचाई पोखरी निर्माण आयोजना वडा नं. १० का लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा।

घ. गहते रातमाटा खानेपानी मर्मत योजनाको बजेट व्यवस्थापन गर्ने सम्बन्धमा वडा नं. ९

ङ. के. एस. सी बागमती प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगिता-२०८० का लागि काभ्रे स्पोर्टस क्लव काभ्रेले अनुदान सहयोग माग गरेकोले सहयोग रकम भुक्तानी गर्ने सम्बन्धमा।

च. गृहणी महिला कार्यक्रमको लागि बजेट रकम व्यवस्थापन गर्ने सम्बन्धमा।

छ. वेथानचोक गाउँपालिकाको आयोजनामा संञ्चालन हुने जिल्ला स्तरीय पुरुष भलिवल प्रतियोगितामा न.पा को तर्फबाट सहभागी हुने टिमलाई खाना खाजा तथा आवास खर्चका लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

ज. मण्डनदेउपुर नगरपालिका वडा नं. ६ मा रहेको भोडचौर-खहरे सिंचाई कुलो मर्मत सम्बन्धमा ।

झ. पहेलेदेवि मन्दिरको मर्मत वडा नं. ८ को खर्चबापतको रकम भुक्तानी गर्ने सम्बन्धमा ।

ञ. आ.व २०८०/८१ का लागि आमा बाबु विहिन बालबालिकाका लागि रकम नगरपालिकाबाट व्यवस्थापन गर्ने सम्बन्धमा ।

ट. तल्लो रानीटार नर्वन्दा मकैटार खानेपानी योजनाको रकम व्यवस्थापन गर्ने सम्बन्धमा ।

ठ. मण्डनदेउपुर-७ स्थायी ठेगाना भएका बर्ष ८ का कलेजो सम्बन्धि रोगबाट पिडित आरुष श्रेष्ठलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा

ड. श्री उग्रेश्वर महादेव मन्दिर मर्मत संम्भार वडा नं.११ को लागि रकम व्यवस्थापन गरी योजना सम्झौता गर्ने सम्बन्धमा

ढ. सिंचाई पोखरी निर्माण वडा नं. ११ को लागि रकम व्यवस्थापन गरी योजना सम्झौता गर्ने सम्बन्धमा

ण. वडा नं. ५ सल्लेबास पञ्चन्या रायसमिल नजिक नाली निर्माण योजनाको लागि रकम व्यवस्थापन गर्ने सम्बन्धमा ।

त. वडा नं. २ बालुवापाटी र मेसागाउँ खण्ड सडक ग्रावेलका लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा ।

१३. विविध

## निर्णयहरु

निर्णय नं.१

नगर कार्यपालिकाको मिति २०८१/१/२६ गतेको ३८ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यप्रगतीको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

निर्णय नं.२

सेवक नेपालद्धारा मण्डनदेउपुर नगरपालिका वडा नं. ९ मा सञ्चालित बालगृहको व्यवस्थापनका लागि संस्थाले पेश गरेको कार्यक्रमको आधारमा लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने र उक्त संस्थाले बालगृह मण्डनदेउपुर नगरपालिकाको संरक्षकत्व तथा सहकार्यमा संचालित भनि बोर्डमा समेत उल्लेख गर्ने गरी अनुदान स्वरुप बार्षिक रु ५,००,०००/ अक्षरेपी रु पाँच लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३

वडा नं ७ को आँपखोला पौवाटार बृहत खानेपानी योजनाको कार्य सम्पन्न भई भुक्तानी माग भएकाले प्राविधिक मुल्याङ्कन तथा नगरस्तरीय अनुगमन समितिको प्रतिवेदन बमोजिमर रु ५,००,०००/- भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ४

यस नगरपालिकामा कार्यरत सुरक्षा गार्डहरुको करार म्याद मिति २०८१ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

बालबालिका सम्बन्धी ऐन २०७५, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री स्थानीय शासन घोषण कार्यविधि २०७९ बमोजिम मण्डनदेउपुर नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणका लागि आवश्यक आचार संहिता तथा प्रतिवद्धता पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ६

यस नगरपालिकामा प्रशासन शाखा अन्तरगत एक राजपत्र प्रकाशन तथा अभिलेख उप शाखा स्थापना गर्ने निर्णय गरियो।

निर्णय नं. ७

स्थानीय राजश्व परामर्श समितिमा रिक्त २ जना सदस्यहरु तपसिल बमोजिम तोक्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. ४ नं वडाका वडा अध्यक्ष श्री मैते सिं तामाङ

२. नगरकार्यपालिका सदस्य सुनकुमारी तामाङ

निर्णय नं.८

आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट निर्माण, आवश्यक कानूनहरुको मस्यौदा तयारीका लागि उपसचिव श्री डिक वहादुर राईको संयोजकत्वमा तपसिल बमोजिमको एक कार्यदल गठन गरी सोही बमोजिम कार्य जिम्मेवारी तोक्ने निर्णय गरियो।

तपसिल

१. उपसचिव श्री डिक वहादुर राई - संयोजक
२. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
३. योजना शाखा प्रमुख - सदस्य
४. प्राविधिक शाखा प्रमुख - सदस्य
५. सूचना प्रविधि शाखा प्रमुख - सदस्य
६. आन्तरिक लेखा परीक्षण शाखा प्रमुख - सदस्य
७. राजश्व शाखा प्रमुख -सदस्य

उक्त समितिले आवश्यकतानुसार अन्य कर्मचारीलाई समेत खटाउन सक्ने अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

संघीय सशर्त बहुक्षेत्रीय पोषण संवेदनशिल कार्यक्रम स्वास्थ्य शाखा मार्फत संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

नगर अस्पताल निर्माण तथा सञ्चालनका लागि बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको साझेदारीमा सामान खरिदको लागि बजेट रकम रु १०,००,०००/- अक्षरेपी रु दश लाख व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ११

ईन्द्रावती नदी नियन्त्रणका तथा खेतीयोग्य जमिन संरक्षणका लागि ईन्द्रावती बारामुरे मसानेपाटी क्षेत्रमा निर्माणको लागि रु ३० लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

आगामी नगरसभाबाट अनुमोदन गराउने गरी विनियोजन ऐन २०८० र सोको संशोधनमा समेत नपरेका तथापी तत्कालै संचालन गर्न आवश्यक देखिएका तपसिल बमोजिमका विभिन्न योजना तथा कार्यक्रमको कार्य सम्पन्न भई पेश भएमा विल भरपाईका आधारमा तपसिल बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

क. ढाँडे खानेपानी तथा ट्याक्की खानेपानी योजना वडा नं. ९ को प्राविधिक लागत स्टमेट बमोजिम रकम रु ३७,०००/- भएको योजनाको योजना सम्झौता गरी कार्यसम्पन्न पश्चात प्रक्रिया पुरा गरी भुक्तानी गर्ने निर्णय गरियो ।

ख. ट्वाईलेट निर्माण ढाँडे चिहान डाँडा वडा नं. ९ प्राविधिक लागत अनुमान रकम रु २,४०,०००/- भएको योजना सम्झौता गरी कार्यसम्पन्न पश्चात् प्रक्रिया पुरा गरी भुक्तानी गर्ने निर्णय गरियो ।

ग. गहते रातमाटा खानेपानी मर्मत योजनाको वडा नं.९ का लागि आवश्यक रकम रु ३,७०,०००/- लागत रकम विनियोजन गर्ने र योजना सम्झौता गरी कार्यसम्पन्न पश्चात भुक्तानी गर्ने निर्णय गरियो।

घ. के. एस. सी बागमती प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगिता-२०८० का लागि काभ्रे स्पोर्टस क्लव काभ्रेले रु ५०,०००/- अनुदान सहयोग माग गरेकोले उक्त संस्थालाई अनुदान सहयोग वापतको रकम रु ५०,०००/- भुक्तानी गर्ने निर्णय गरियो।

ङ. गृहणी महिला कार्यक्रमको लागि नगरपालिकाको तर्फबाट आवश्यक साझेदारी रकम रु ६,११,०००/ विनियोजन गर्ने निर्णय गरियो ।

च. वेथानचोक गाउँपालिकाको आयोजनामा संञ्चालन हुने जिल्ला स्तरीय पुरुष भलिवल प्रतियोगितामा नगरपालिकाको तर्फबाट सहभागी हुने टिमलाई खाना, खाजा तथा आवास खर्चका लागि आर्थिक सहयोग वापत रु ९९,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

छ. मण्डनदेउपुर नगरपालिका वडा नं. ६ मा रहेको भोडचौर-खहरे सिंचाई कुलो मर्मतका लागि प्राविधिक लागत अनुमान बमोजिमको योजना संचालन गर्ने गरी नगरपालिकाको तर्फबाट बढीमा रु ५,००,०००/- विनियोज गर्ने निर्णय गरियो ।

ज. ८ नं. वडा मा रहेको पहेलेदेवि मन्दिरको व्यवस्थापनका लागि सामग्री खरिद गर्दा भएको खर्च बापतको रकम रु ९७,१८०/- प्राविधिक मुल्यांकन तथा नगरस्तरीय अनुगमन समितिको प्रतिवेदनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

झ. आमा बाबु विहिन बालबालिकाका लागि नपुग आवश्यक रकम रु १,२०,०००/-विनियोजन गर्ने निर्णय गरियो।

ञ. तल्लो रानीटार नर्वन्दा मकैटार खानेपानी योजनाको लागि रकम रु ५,८५,०००/- विनियोजन गरी सम्झौता प्रक्रिया उगाडी ब्रढाउने निर्णय गरियो ।

ट. मण्डनदेउपुर-७ स्थायी ठेगाना भएका बर्ष ८ का कलेजो सम्बन्धी रोगबाट पीडित आरुष श्रेष्ठलाई आर्थिक सहयोग वापत रु १,५०,०००/- एक लाख पचास हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

ठ. श्री उग्रेश्वर महादेव मन्दिर मर्मत संम्भार योजना (वडा नं.११) को लागि आवश्यक रकम रु ४,००००० को लागि लागत साझेदारीमा योजना संचालनका लागि रकम व्यवस्थापन गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ड. सिंचाई पोखरी निर्माण (वडा नं. ११) को लागि को लागि आवश्यक रु ४,२०,०००/- लागत साझेदारीमा रकम व्यवस्थापन गरी योजना सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ढ. वडा नं. ५ सल्लेबास पञ्चन्या राईसमिल नजिक नाली निर्माण योजनाको लागि आवश्यक रकम बढीमा रु ७,००,०००/- व्यवस्थापन गरी योजना सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ण. वडा नं. २ बालुवापाटी र मेसागाउँ खण्ड सडक ग्रावेलका लागि आवश्यक रकम बढीमा रु ७,००,०००/- व्यवस्थापन गरी योजना सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। साथै उक्त योजना जिल्ला पूर्वाधार विकास कार्यालयबाट कार्यान्वयन भएको योजना फरफारक पछिमात्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ विविध

क. यस मण्डनदेउपुर नगरपालिका वडा नं. ५ का पूर्व वडाध्यक्ष श्री नेत्र प्रसाद ढकाल दुर्घटनामा पर्नुभएकोले उहाँलाई आर्थिक सहयोग बापत रु १,५०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ख. पुर्ण खोप सुनिश्चितता तथा दिगोपना को लागि प्रतिवद्धता सहित मण्डनदेउपुर नगरपालिका भित्र रहेका १२ वटा वडा वाट १६ महिना देखि ५९ महिना सम्मका वालवालिकाहरुलाई खोप लगाउन नछुटेका भनी घरधुरी सर्वेक्षण गरी पूर्ण खोप सुनिश्चितता वडा घोषण भैसकेको हुदाँ मण्डनदेउपुर नगरपालीका पुर्ण खोप सुनिश्चित भएको निर्णय गरियो ।

ग. वडा नं. ९ स्थित रानीटार आधारभुत स्वास्थ्य संस्था अगाडी जोखिमयुक्त रहेका रुखका हाँगाहरु काट्छाँट् गर्दा भएको खर्च रकम रु ३६,५००। भुक्तानी गर्ने निर्णय गरियो।

घ. मण्डनदेउपुर नगरपालिका वडा नं.३ लाई अपरतामाकोशीले सिढीं निर्माणका लागि व्यवस्थापन गरेको रकम रु ६ लाखले सिढीं निर्माण कार्य पुरा हुन नसक्ने अधुरो योजना सम्पन्न गर्न लागत अनुमान तयार भएकोले लागत साझेदारीमा रु ३,५०,०००/- समेत गरी रु ९,५०,०००/- बराबरको सिंढी निर्माण गर्ने निर्णय गरियो।

ङ. ३ नं वडामा साझेदारीमा टनेल निर्माणका लागि अपुग बजेट रु ४,००,०००/- तथा प्रधानमन्त्री रोजगार सामग्री सहायताका लागि रु २,५०,०००/- मण्डनदेउपुर नगरपालिका संगको साझेदारीमा योजना संचालनका लागि रकम व्यवस्थापन गर्ने निर्णय गरियो।

च. नाल्दुम पर्यटन विकास समितिलाई रु ५,००,०००/- रकम थप अनुदान स्वरुप निकासा गर्ने निर्णय गरियो।

छ. वडा नं ११ को सिफारिस बमोजिम नगर स्तरीय कवडी प्रतियोगिता आर्थिक अनुदान रकम रु १,००,०००/- आर्थिक सहयोग वापत अनुदान रकम निकासा गर्ने निर्णय गरियो ।

ज. कृषि एम्वुलेन्स खरिदका लागि नपुग रकम बढीमा रु ७,००,०००/- अक्षरेपी रु सात लाख व्यवस्थापन गर्ने निर्णय गरियो।